नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

फोन नं.: ०६१-४६३०७६
०६१-४६१७६४
०६१-४६५०७५
फ्याक्स : ०६१-४६१९६२
Email: daokaski@gmail.com
www.moha.gov.np/kaski

पत्र संख्या : प्रशा. २०७७/०७८
चलानी नं. :

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कास्की

२०७७/०७/२४ गते।

# अत्यन्त जरुरी सूचना।

विश्वव्यापी महामारीको रुममा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) संक्रमणको जोखिम कास्की जिल्लामा समेत दिन प्रतिदिन बढ्दै गईरहेको सन्दर्भमा नजिकिदै गरेको तिहार, छठ जस्ता नेपालीहरुको महान चाड पर्वहरुको समयमा हुने अधिक आवागमन तथा भिडभाडजन्य गतिविधिहरुले संक्रमणको जोखिम थप जटिल हुने विषयलाई मध्यनजर गरि देहाय अनुसार गर्नु गराउनु हुन सबैको जानकारीका लागि यो सूचना जारी गरिएको छ।

१. चाडपर्वहरु मनाउँदा आफु रहेकै स्थानमा आफ्ना घरपरिवारका सदस्यहरुसँग मात्र सीमित रही मनाउनु हुन,
२. देउसी भैलो जस्ता कार्यक्रमहरुको आयोजना नगर्नु नगराउनुहुन एवम् भिडभाडजन्य गतिविधीहरु नगर्नु हुन,
३. जिल्ला भित्र कुनै प्रकारका मेला, महोत्सव तथा व्यापारिक केन्द्रहरुमा भिडभाड नगर्नु नगराउनु हुन,
४. आतसबाजी, पटाका, झिरझिरे, भूईचम्पा लगायतका विस्फोटजन्य पदार्थहरुको ओसारपसार, विक्री वितरण एवम् प्रयोग नगर्नु नगराउनु हुन,
५. कोभिड-१९ (कोरोना भाईरस) संक्रमणको जोखिम न्यूनिकरणका लागि नेपाल सरकारले तोकेको सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा माक्स लगाउने, नियमित रुपमा सावुन पानीले पटक पटक हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने जस्ता स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्डहरुको पूर्णरुपमा पालना गर्नु गराउनु हुन।

**यो सूचनाको अवज्ञा गर्ने गराउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० तथा अन्य प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ।**

२०७७/७/२४
...........................
**(ज्ञान प्रसाद ढकाल)**
प्रमुख जिल्ला अधिकारी

ज्ञान प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी